## प्रेस विज्ञप्ति

**आदरणीय पत्रकार मित्रहरु नमस्ते ।**

बुद्ध एयर प्राइभेट लिमिटेडको नेपालको निजी विमानसेवा कम्पनी मध्ये सबैभन्दा लामो समय नेपाली आकाशमा उडान भर्ने नेपाली विमान कम्पनी हो । राष्ट्रिय र अन्तरराष्ट्रिय दुवै क्षेत्रमा उडान गर्ने बुद्ध एयरले नेपालका १४ स्थानमा र भारत र भुटानमा (चार्टर) पनि उडान पनि गर्छ । यसको मुख्य कार्यालय ललितपुरको जावालाखेलमा छ । नेपाली उड्डयन क्षेत्रको घरायसी नाम बुद्ध एयरले आफ्नो सेवाको २५ वर्षमा विश्वास र सुरक्षाको ट्रेडमार्क बनेको छ । हाम्रो यात्रा विनम्रतापूर्वक ११ अक्टोबर १९९७ मा एउटै विमानबाट सुरु भएको थियो । आज बुद्ध एअरले १७ वटा अत्याधुनिक विमानहरुबाट सेवाप्रदान गरिरहेको छ । नेपालको सबैभन्दा भरपर्दो घरेलु एयरलाइन्सको रूपमा बुद्ध एअरले दैनिक ७० देखि ८० भन्दा बढी उडानहरू गर्ने गर्दछ भने हाम्रो बजार हिस्सा हाल ६१ प्रतिशतको हाराहारीमा छ । यसरी हेर्दा नेपाली उड्डयन इतिहासमा बुद्ध एअर एउटा गर्विलो इतिहास बोकेको संस्था बन्न पुगेको छ । यसमा स्वर्गीय पिता सुरेन्द्र बहादुर बस्नेतको ठूलो योगदान रहेको छ ।

पेशाले म आफै पाइलट भएको नाताले पनि बुबाले सो समयमा बुद्ध एअर स्थापनाको लागि अग्रसर हुन सहज भएको थियो । यद्यपी म कामको सिलशिलामा अमेरिकामा बसोबास तथा व्यवसाय सञ्चालन गर्न थालेपछि बुद्ध एअरमा मेरो प्रत्यक्ष संलग्नता रहेन । एअरलाइन्समा बुबा सुरेन्द्र बहादुर बस्नेतको ८० प्रतिशत शेयर स्वामित्व र दाजु वीरन्द्र बहादुर बस्नेतको नाममा २० प्रतिशत शेयर कायम थियो । पछि बुबाले आफ्नो नाममा रहेको ८० प्रशित शेयर मध्ये ४० प्रतिशत दाजु वीरन्द्र बहादुर बस्नेत सहित उहाँको परिवारका सदस्यको नाममा र बाँकी ४० प्रतिशत शेयर मेरा परिवारका सदस्यको नाममा गरिदिनुभएपछि पछिल्लो समय वीरेन्द्र बहादुर बस्नेतको ६० प्रतिशत र मेरो परिवारका सदस्यका नाममा ४० प्रतिशत शेयर स्वामित्व रहेको छ ।

कम्पनीमा ४० प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुको तर्फबाट अख्तियार प्राप्त गरि म शिवेन्द्र बहादुर बस्नेतले बुद्ध एअर प्रा.लि.ले गरिरहेका काम कारबाही, यसको आर्थिक हिसाब किताब हेर्ने तथा यसका योजनाहरुका बारेमा जान्ने र संस्थाको छवीलाई अझै कसरी माथि उठाउन सकिन्छ भनेर यसको वास्तविक अवस्थाकाबारेमा बुझ्ने खोज्ने काम भयो । यसको लागि ४० प्रतिशत शेयर स्वामित्वको अख्तियार प्राप्त व्यक्तिको नाताले कानून बमोजिम लिखित रुपमा सम्बन्धित कागजात माग्ने काम भयो । तर हाम्रो त्यो माग अनुरुप कम्पनीबाट कुनै आधिकारिक हिसाब किताब दिइएन । उल्टै हिसावकिताब माग्न थालेपछि विभिन्न बहानामा ४० प्रतिशतको हिस्सेदारमाथी नै विभिन्न आरोप लगाउन थालियो । फलस्वरुप ४० प्रतिशतको हिस्सेदारको अख्तियारप्राप्त व्यक्तिलाई कम्पनीको कार्यालयमा जान समेत दिइएन ।

जबकी कम्पनी ऐन २०६३ को धारा १४६ ले शयेर धनीको हिसाब किताब निरीक्षण गर्ने अधिकार दिएको छ । जस अर्न्तगत साधारण सभा र सञ्चालक समिमिको निर्णय पुस्तिका ,वाार्षिक आर्थिक विवरण, शेयर दर्ता किताब, र कम्पनीको लेखा हेर्न सकिने छ ।

यसमा प्राइभेट कम्पनीका सञ्चालक वा पदाधिकारीले ऐन बमोजिमका कागजात तथा अभिलेखहरु शेयरधनीहरुले निरिक्षण गर्न पाउने गरी पर्याप्त व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यस्तै दफा १४७ ले प्राइभेट कम्पनीको शेयरधनीले कम्पनीबाट कुनै आर्थिक वर्षको कम्पनीको कारोवारको विवरण पनि माग गर्न सक्ने व्यवस्था गरेको छ । यसरी ऐनको व्यवस्था अनुरुप माग गरेको हिसाद किताब माग्दा नदिनुले ६० प्रतिशत शेयर स्वामित्व हुनेले ठुलै आर्थिक घोटला गरेको आशंका गर्न सकिन्छ । यसका अतिरिक्त आशंका हुनुमा कम्पनीसंग रहेका नौ वटा वीच एअरक्राफ्ट ९०० डी बेच्दा र विभिन्न मितिमा १७ वटा एटीआर विमान खरिद गर्दा ४० प्रतिशतको हिस्सेदारसंग कुनै समन्वय गरेको र सहमती लिएको देखिदैन । यो बीचमा ६० प्रतिशत हिस्सेदारको नाममा काठमाण्डौमा चार वटा घर, पोखरामा एउटा घर, रामेछाप र भैरहवामा र भर्खरै खुलेको आरजु राइस मीलमा केही प्रतिशत बैक लोन सहित ५० करोड लगानी भएको छ । साथै

आरजु राइस मीलमा  बुद्ध एअरको इन्जिनियरलाई फुललाइम स्टाफको रुपमा काम गर्ने जिम्मेवारी दिएको र एअरलाइन्सको इन्जिनियरलाई चामल मिलको जिम्मेवारी दिनुले यसमा अर्को आशंका गर्न सकिन्छ। यी सबै सम्पत्तीका स्रोतका अतिरिक्त यस्तै अन्य लेकेका वा लुकाइएका स्रोतको खोजी पनि भइरहेको छ । यो सबै आर्थिक स्थिती हेर्दा कम्पनीले दिएको नाफा, बोनस लगायतबाट हुने आम्दानीको स्रोतसंग सम्पत्ती नमिलेको देखिन्छ। यसबाट पनि आर्थिक रुपमा तलमाथी भएको आशंका हामीलाई लागेको छ। यसरी आर्थिक हिसाव किताबमा तलमाथी पर्न गएको हुन सक्ने र यो कामको लागि कम्पनीको फाइनान्स कन्टोलरको पनि सहयोग वा संलग्नता रहेको हुन सक्ने हाम्रो आशंका छ।

यो अवस्थामा ४० प्रतिशत हिस्सेदरालाई पुरै वेवास्ता गरिएको छ भने पछिल्लो समय हिमालयन बैंक समेतको ऋण लगानीमा बुद्ध एयर प्रा. लि. ले दुई वटा जहाज खरिद गर्ने प्रकृयामा रहेको तथा सोको निमित्त केही अग्रिम रकमहरु समेत भुक्तानी भएको जानकारी प्राप्त र उक्त जहाज खरिद गर्ने सम्बन्धमा हामी कम्पनीको ४० प्रतिशत शेयर ग्रहण गरेको शेयरधनीहरुको सहमति तथा जानकारीमा समेत नरहेको हुँदा उक्त कारोबारका सम्बन्धमा भएको आवश्यक प्रकृयाहरुलाई स्थगित गरि सहयोग गरिदिन बैकलाई अनुरोध गरिएको थियो । सो सम्बन्धमा हामी ४० प्रतिशत शेयरधनीहरुबाट आवश्यक प्रकृया अगाडी बढाइदिन हुन अनुरोध नभए सम्मका लागि यथास्थितिमा राखि दिन हुन समेत अनुरोध गरिएकोमा हिमालयन बैकले यस विषयमा जवाफ नदिएपछि यस विषयमा आवश्यक कारबाहीको लागि नेपाल राष्ट्र बैकमा समेत उजुरी गरेका छौं। साथै यस्तै कम्पनी रजिष्टारको कार्यालयमा पनि कम्पनीको वास्तविक अवस्था र त्यहाँ पेश गरिएका काजगपत्रका विषयमा जानकारी माग गरिएको छ।

यो समग्र पृष्ठभूमीमा हामीले न त बुद्ध एअरको छवीलाई नराम्रो गर्ने उद्देश्य राख्यौ न त अन्य लाभको कुरा गर्‍यौं । हामीले त केवल यो कम्पनीले शेयर स्वामित्वको हिसाव र कानूनले दिएको अधिकारको प्रयोग गरि ४० प्रतिशतको दायित्व अनुरुप सबै कुरा हुनुपर्छ भन्यौ। हामी कम्पनीलाई अझै उचाइमा पुऱ्याउन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गुणस्तरिय सेवा दिने र नेपालमै रोजगारी सिर्जना गर्न सक्ने कम्पनी बनाउन चाहन्छौं । न की कुनै विवाद झिकेर कम्पनीको खासमा असर परोस । यो पवित्र चमहना हँदाहुनै पनि ६० प्रतिशत हिस्सेदारले गरेको व्यवहारले हामीले कानून बमोजिम नै आधिकार प्राप्तीको लागी आवश्यक पहल गर्नु पर्ने देखिन आएकोले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा कलम अलाउने पत्रकारहरुका बीचमा यो कुरा सार्वजनिक गर्न वाञ्छनिय ठानेकोले यो पत्रकार भेटघाट आयोजना गरेका छौं। हाम्रो छोटो निम्तो स्वीकार गरि आइदिनु भएकोमा धन्यवाद।

भवदीय

शिवेन्द्र बहादुर बस्नेत

(४० प्रतिशत शेयर सदस्यका तर्फबाट अख्तियार प्राप्त व्यक्ति)